मुख्य समाचार।

- प्रधानमन्त्रीले जल संरक्षण र सतत विकासलाई बढ़ावा दिन दोहराउनुभयो ,  देशको प्रतिबद्धता
- सरकारले आतङ्कवादलाई  कसै नसहने नीति अपनाएको
- एक सय दिन भित्रमा राष्ट्रीय ई-विधान एप्लीकेशन लागू
- भारतको सकल घरेलू उत्पाद-जी.डी.पीमा पछिलो दस  वर्षमा एक सय  पाँच प्रतिशतको वृद्धि,
- श्रीलंकामा पहिलो पल्ट एक सय तेह्रौँ बिहार दिवस कोलम्बो स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रमा मनाइयो

**15 प्रधानमन्त्री-जल दिवस**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज विश्व जल दिवसमा जल संरक्षण र सतत विकासलाई बढ़ावा दिनका लागि देशको प्रतिबद्धता दोहराउनुभयो। सोशल मीडिया पोस्टमा उहाँले जल संरक्षणको महत्वलाई प्रकाश गर्दै एउटा भिडियो साझा गर्नुभयो । श्री मोदीले जल, सभ्यताहरूलाई जीवन रेखा रहेको र आउने पीढ़िहरूका लागि यसलाई संरक्षित गर्नको आवश्यकता माथी जोड दिनुभयो ।

**राज्यसभा-अमित शाह**

गृह मन्त्री श्री अमित शाहले भन्नुभयो, प्रधानमन्त्री श्री नरेन्द्र मोदीको नेतृत्व भएको सरकारले आतङ्कवादलाई  कसै नसहने नीति अपनाएको छ । गृह मंत्रालयको कामकाजमा राज्यसभामा चर्चाको उत्तर दिँदै उहाँले भन्नुभएको हो । श्री शाहले पछिलो दस वर्षमा सरकारले आफ्नो  राजनीतिक इच्छाशक्ति र प्रौद्योगिकीको उपयोगले देशको सुरक्षा बलियो गरेको बताउनुभयो ।

**दिल्ली विधानसभा - पेपरलेस**

दिल्ली विधानसभाले डिजिटल शासनको दिशामा एउटा महत्वपूर्ण कदम उठाउदै संसदीय कार्य मंत्रालय र दिल्ली सरकार बीच राष्ट्रीय ई-विधान एप्लीकेशन-नेवाको क्रियान्वयनका लागि एउटा समझौता ज्ञापनमा हस्ताक्षर गर्यो  । आज नयाँ दिल्लीमा संसदीय कार्य मन्त्री श्री किरेन रिजिजू र दिल्ली विधानसभा अध्यक्ष श्री विजेन्द्र गुप्ताको उपस्थितिमा समझौता ज्ञापनमा  हस्ताक्षर गरियो । नेवाले सबै विधायी कार्यका लागि एउटा एकीकृत डिजिटल प्लेटफर्मका रूपमा कार्य गर्छ, जसमा नोटिस प्रस्तुत गर्नु, मन्त्रीस्तरीय उत्तर, विधायी कार्य, चर्चा, समितिको रिपोर्ट र डिजिटल **लाइब्रेरी** सम्म पहुंच शामेल छ । दिल्ली राष्ट्रीय ई-विधान एप्लीकेशन, प्लेटफर्म संग जोड़ीने अठाइसौँ विधानमण्डल  बन्यो । यस अवसरमा **श्री किरेन रिजिजूले** भन्नुभयो, यो व्यवस्था दिल्लीका मानिसका साथ-साथ राष्ट्रीय राजधानीक विधायकका लागि पनि  लाभदायक हुनेछ। दिल्ली विधानसभा अध्यक्ष  **श्री विजेन्द्र गुप्ताले** भन्नुभयो विधानसभा कागज रहित हुनेछ र एक सय दिन भित्रमा राष्ट्रीय ई-विधान एप्लीकेशन लागू हुन्छ।

**31 महाराष्ट्र- मुख्यमंत्री**

महाराष्ट्रका मुख्यमन्त्री श्री  देवेन्द्र फडणवीसले आज घोषणा गर्नुभयो, हालैमा नागपुरमा भएको हिंसामा क्षतिग्रस्त भएको संपत्तिको कीमत घटनाका लागि जिम्मेबार दङ्गाइबाट वसूल गरिनेछ र भुगतान नगरेमा उनीहरूको संपत्ति जप्त गरेर बेच्ने कार्रवाई  गरिनेछ। श्री फडणवीसले नागपुर हिंसा सम्बन्धमा वरिष्ठ पुलिस अधिकारिहरूका साथ समीक्षा बैठक पछि आयोजित एक संवाददाता सम्मेलनमा भन्नुभएको हो । मुआवजा अगिलो दुई देखी चार दिनमा दिइनेछ । मुख्यमन्त्रीले सरकारले  नागपुरका केही भागमा वर्तमानमा लागू Curfew प्रतिबन्धम ढील दिने कोशिश गर्दैछ।  उहाँले यस घटना बारे भन्नुभयो, अहिले सम्म एक सय चार जना मानिसको पहिचान गरिएको छ, जसमा बयानब्बै वयस्क र  नाबालिग छन् र उनीहरूका विरूद्ध मामिला  दर्ता गरिएको छ।

**आईएमएफ-भारत विकास**

भारतको सकल घरेलू उत्पाद-जी.डी.पी पछिलो दस वर्षमा एक सय पाँच प्रतिशतको वृद्धिका साथ दुईगुना भएको छ। वर्ष दुई हजार पन्द्रहमा भारतको जी.डी.पी **दुई लाख दस हजार करोड़ डलर** थियो, जो वर्ष दुई हजार पचिसमा बढ़ेर **चार लाख तीस हजार करोड़ डलर भएको छ**। अन्तराष्ट्रीय मुद्रा कोष-**आई.एम.एफ** द्वारा जारी आंकड़ा अनुसार, भारत अब अमरीका, चीन, जर्मनी र जापान पछि विश्वमा जी.डी.पीको मामिला पाँचौँ सबैभन्दा ठूलो देश बनेको छ। भनिएको छ, भारत छिट्टै जापान भन्दा अघि हुनेछ।

**21 संशो सर्वोच्च न्यायालय-जस्टिस यशवंत वर्मा**

सर्वोच्च न्यायालयले भनेको छ, न्यायाधीश यशवन्त वर्मालाई इलाहाबाद उच्च न्यायालयमा स्थानान्तरण गर्ने प्रस्ताव स्वतन्त्र र आन्तरिक जाँच प्रक्रिया भन्दा अलग छ। यो बयान दिल्ली उच्च न्यायालयका न्यायाधीश यशवन्त वर्माको घरबाट कथित तौरमा नकदी बरामदको खबर पछि आएको हो। शीर्ष अदालतले भनेको छ, मुख्य न्यायाधीश र सर्वोच्च न्यायालयको चार वरिष्ठतम न्यायाधीश भएको कलेजियमले बिहिबार यस प्रस्तावको जाँच गर्यो, जसपछि सर्वोच्च न्यायालयका सलाहकार न्यायाधीश, सम्बन्धीत उच्च न्यायालयका मुख्य न्यायाधी र न्यायाधीश यशवन्त वर्मालाई पत्र लिखियो। बयानमा उहाँले भन्नुभयो, प्राप्त प्रतिक्रियाको जाँचपछि कलेजियमले एउटा प्रस्ताव पारित गर्नेछ।

**टंप सुरक्षा मंजूरी**

अमरीकाका राष्ट्रपति श्री डोनाल्ड ट्रम्ले पूर्व राष्ट्रपति **श्री जो बाइडन**, पूर्व उप राष्ट्रपति **सुश्री कमला हैरिस**, पूर्व विदेश मन्त्री **सुश्री हिलेरी क्लिन्टन** सहित White House का केही पूर्व वरिष्ठ र राष्ट्रीय सुरक्षा अधिकारीहरूको सुरक्षा स्वीकृती रद्द गरिएको छ। White House द्वारा हिजो सुरक्षा एजेन्सी प्रमुखलाई पठाइएको पत्रमा श्री ट्रम्पले भन्नुभएको छ, अब देखी यी सबैलाई महत्वपूर्ण सरकारी दस्तावेज सम्म पुग्ने अनुमति दिनुहुँदैन।उहाँले प्रत्येक सरकारी विभाग र एजेन्सी प्रमुखलाई यी मानिसहरूलाई मिलेको कुनै पनि प्रकारको सुरक्षा स्वीकृतीलाई रद्द गर्ने निर्देश दिनुभएको छ।

**श्रीलंका बिहार दिवस**

श्रीलंकामा पहिलो पल्ट एक सय तेह्रौँ बिहार दिवस **कोलम्बो स्वामी विवेकानन्द सांस्कृतिक केन्द्रमा** मनाइएको छ, जसमा **तीस हजार मानिसको** उपस्थिती रहेको थियो। कार्यक्रममा बिहारको सांस्कृतिक विरासत र बौद्ध धर्मका माध्यमले श्रीलंकाका गहिरो ऐतिहासिक सम्बन्धमा प्रकाश गरियो। श्रीलंकामा भारतका उच्चायुक्त श्री सन्तोष झाले बिहारी हुनमा गर्व व्यक्त गर्दै कार्यक्रमको उद्घाटन गर्नुभयो। समारोहमा **मधुबनी कला, पारम्परिक panting** र बिहारको समृद्ध इतिहासलाई दर्शाउने तस्वीरहरूको प्रदर्शनी लगाइयो। मधुबनी panting का प्रसिद्ध विशेषज्ञ र **padma** श्री पुरस्कार विजेता सुश्री दुलारी देवी र शान्ति देवीले आगन्तुकका लागि सजीव कलाकृतिहरू प्रदर्शिन गर्नुभयो। आगन्तुकले सांस्कृतिक समागममा इजाफा गर्दै प्रामाणिक बिहारी व्यन्जनको पनि आनन्द लिए। कार्यक्रममा बिहार र श्रीलंका बीचको सम्बन्धमा पनि बल दिइएको छ।

**29 कर्नाटक आरएसएस**

बेंगलुरूमा आयोजित राष्ट्रीय स्वंय सेवक संघ-आर.एस.एस-को अखिल भारतीय प्रतिनिधि सभाको बैठकमा आज बांग्लादेशमा हिन्दुहरूको दुर्दशामा चर्चा गरियो। यसमा बांग्लादेशमा हिन्दु र अन्य अल्पसंख्यक समुदायका साथ गरिएको अमानवीय व्यवहारमा चिन्ता व्यक्त गरिएकोछ। बैठकमा संयुक्त राष्ट्र र वैश्विक समुदायबाट बांग्लादेश सरकारमा हिन्दुहरू विरूद्ध हिंसा रोकनका लागि दबाव बनाउने मांग गरियो।